संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

TUBORG
बलम्पाकी रेष्टुरेन्ट
GOLD
बलम्पाकी होटल

गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▶▶ अंक ३७६ साउन १९ मंगलबार,२०७८, August–3 Tuesday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

त्रियुगा नगर प्रहरीले सामान उठाउने गाडी पायो

❖ **मुलुकी संवाद्दाता**

त्रियुगा, साउन १८

त्रियुगा नगरपालिका उदयपुरका नगर प्रहरीले सवारी साधन नपाएको गुनासो गरेको लामो समयपछि सोमबार टिफर पाएको छ।

नगर प्रहरीले सडकपेटीको सामान उठाउन सवारी साधन नपाएको गुनासो पत्रिकामा समाचार नै प्रकाशन भएपछि नगरपालिका प्रशासन गाडी दिन तयार भएको हो। त्रियुगा नगरपालिकामा हाल १२ जना नगर प्रहरी कार्यरत छन्। सडकपेटीको सामान उठाउन सोमबारदेखि नगर प्रहरीको लागि तयारी अबस्थामा टिफर उपलब्ध गराएको त्रियुगा नगरपालिकाका प्रशासनले जनाएको छ।

सोमबार उदयपुरमा मन्त्रीले के -के गरे ?

❖ **मुलुकी संवाद्दाता**

उदयपुर जिल्लाको त्रियुगा नगरपालिका १३ असारीखोलामा रहेको सिद्धेश्वर महादेब मन्दिरको मुख्य गेटमा लगाउने गजुर प्रमुख अतिथी प्रदेश नम्बर १ का भुमी ब्यबस्था, कृषि तथा सहकारी मन्त्री राम बहादुर राना मगरलाई प्रदान गर्दै आयोजक अर्जुन तिम्सिना। बायाँबाट क्रमशः नेकपा एमाले त्रियुगा नगर अध्यक्ष सिर्जना दनुवार, उदयपुरका प्रदेश सभासद अम्बिका थापा, माननीय मन्त्री राम बहादुर राना मगर, उदयपुरका प्रदेश सभासद बिमल कार्की र आयोजक अर्जुन तिम्सिना। तस्विर - बुद्धि कुमार राई

उदयपुर, साउन १८

प्रदेश नम्बर १ का भुमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्री राम बहादुर राना मगर सोमबार दिनभर उदयपुरमा ब्यस्त रहे। - *बाँकी ३ पेजमा*

४.२ केजी गाँजासहित दुई युवा पक्राउ

❖ **मुलुकी संवाद्दाता**

बेलका, साउन १८

उदयपुरको बेलका नगरपालिका ८ कोठु चतरापुलमा रहेको अस्थायी प्रहरी पोष्ट कोठुले ४ केजी २ सय ग्राम गाँजा सहित दुई युवालाई पक्राउ गरेको छ।

अस्थायी प्रहरी पोष्ट कोठु उदयपुरकी इन्चार्ज प्रहरी सहायक निरिक्षक यज्ञ कुमारी सुबेदीको कमाण्डको टोलीले साउन १७ गते आईतबार दिउँसो २ बजे नियमित चेकजाँच गर्ने क्रममा सो गाँजा फेला पारेको हो। भोजपुर र उदयपुर जिल्लाको सिमाना नाका चुहार भन्ने ठाउँबाट आएको चालक प्रकाश बस्नेतले चलाएको को १ ज ४५९ को यात्रुबाहक ट्याक्सीमा सो गाँजा फेला पारेको हो।

उक्त ट्याक्सी चेकजाँच गर्ने क्रममा ट्याक्सीको हुडमा गाँजा लुकाएर राखिएको अबस्थामा गाँजा फेला पारेको हो। गाँजा फेला परेपछि ति दुई ब्याक्ति मोटरसाईकलमा फरार भएपछि प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा भोजपुर हतुवागढी गाउपालिका ८ का २६ बर्षीय नबिन्द्र राई र २३ बर्षीय हेम राज राई रहेका छन्। हाल पक्राउ परेका दुबै जनालाई ईलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलामा लगि थप अनुसन्धान भईरहेको छ प्रहरीले जनाएको छ।

गाईघाट बजारको सडकपेटी सफाईमा यि दुई घर बाधक

❖ **बुद्धि कुमार राई**

गाईघाट, साउन १८

उदयपुर जिल्लाको सदर मुकाम गाईघाटको बजारको मुख्य बिच भागबाटै मदन भण्डारी लोकमार्गले चिरेर लगेको छ। असारी बरुवा खोलाको पुलदेखि गाईघाट बजारको खतरनाक क्षेत्र सुरु हुन्छ।

असारी बरुवा खोलाको पुल क्रस गरेसँगै मदन भण्डारी लोकमार्गले तरकारी बजारलाईन, पुरानो गाईघाटचोक, निलोपुल, लालिगुँरास बोडिङ हुँदै जिके पुस्तक पसल, बैङ्कलाईन, बिधुतमार्गचोक, मुख्यचोक, हिमालीटोल सुबास गुप्ताको लुगा पसलचोक, बाबारानी शुभलक्ष्मीचोक, सेतोपुल, आँखा अस्पतालचोक हुँदै मदनभण्डारी लोकमार्गले गाईघाट बजारलाई छोडेर जान्छ।

जिके पुस्तक पसलनिर दुई वटा बडो अचम्मको घर छ। बजारको मुख्य चहलपहल हुने क्षेत्र र तिनवटा बाटो जोडिएको सानो सानो चोक। जिके पुस्तक पसलबाट एउटा सडक त्रियुगा नगर पालिकाको वडा नम्बर ११ को वडा कार्यालयहुँदै अर्मुत एफएम जाने सडक छ। त्यहि सडकको मुख्यसडकमै दुई वटा घरहरु सितारा्म कार्की र किरण राईको घर छन्। २०७८ साल साउन १ गते पनि सो चोकमा ठुलो झगडा भयो। कारण थियो ति दुई घर पेटी।

प्रमुख जिल्ला अधिकारी तुलसीराम सेधाई, नेपाल प्रहरीका उदयपुर प्रमुख प्रहरी उपरिक्षक सुवासचन्द्र बोहोरा, शसस्त्र प्रहरी उपरिक्षक सुधिर सुबेदीले बिनम्र अनुरोध गरेर साउन १ गतेदेखि सामान नराख्न अनुरोध गर्दा उनीहरुले हुन्छ भनेका थिए। करोडको चारतले घरधनी सिताराम कार्की चाँहि सडकपेटी- *बाँकी ३ पेजमा*

होटल रौतामाई दरबार

रौतामाई - ६ रौता, उदयपुर

सम्पादकीय

सोलारबत्तीमा घोटाला

उदयपुर जिल्लामा ८ पालिकामध्ये ४ नगरपालिका र ४ पालिकाहरुले आफ्नो कार्यक्षेत्रभित्र पर्ने स्थानहरुमा सडकबत्तीको रुपमा बिजुली बत्ती र सोलार सडक बत्ती जडान गरेको छ। त्रियुगा नगरपालिका गाईघाट, उदयपुरले आफनो १६ वटा वडाहरुमा जम्मा कति वटा सोलार सडक बत्ती छ भनेर मेयर र कार्यकारी अधिकृतलाई सङ्ख्या समेत थाहा छैन । सडकमा भएको सोलार बत्तीको मर्मत सम्भारको बारेमा नगरपालिकाका जनप्रतिनिधि र कार्यालय प्रमुखलाई कहिले बन्छ भनेर प्रश्न गर्ने हो भने जबाफ पाउन सकिन्न ।

सडक सोलार बत्तीको सबैभन्दा गुज्रेको ठाउँ हो त्रियुगा नगरपालिका । त्रियुगा नगरपालिका त सडक सोलार बत्ती बनाउन नसक्ने अबस्थामा छ। कति सडक सोलार बत्तीको सोलार प्यानल हराएको छ। मर्मत सम्भार छैन। असार अन्तिममा नगरप्रमुख बलदेब चौधरीले नगरसभा सक्नुबितिकै सडक सोलार बत्ती र बजारको सिसि क्यामेरा बनाउछु भनेर जबाफ दिएका थिए। अहिले उनले आफुले बोलेको कुरा उनलाई याद होला नहोला उनैलाई थाहा होला ? अर्को नगरपालिका बेलका नगरपालिकाका नगर प्रमुख दुर्गा कुमार थापाको नगरपालिका अस्तब्यस्त छ । सडक सोलारबत्तीको सोलार प्यानल घरको छतमा तिन बर्षदेखि बिग्रेर बेबारिसे अबस्थामा रहेको छ । नगरपालिकामा उनले ६ जना नगर प्रहरी नियुक्त गरेका छन् तर उनी त्यो सडक सोलार बत्ती बनाउने संकेत गर्दैनन् । त्रियुगा र बेलका मात्र होईन यस्ता सडक सोलार बत्ती अन्य नगरपालिका र गाउँपालिकामा समेत समस्या छ । मुख्य कुरा सडक सोलार बत्ती मर्मत सम्भार नगर्नुमा नगरपालिका र सोलार बत्तीको बिक्रेता बिच केही खटपट हुन सक्छ । सडक सोलार बत्ती बनाउननै नमान्नु भनेको त्यहाँ केही न केही हुन सक्छ । सोलार सडक बत्ती किन किनियो ?

किन चाँडै सोलार प्यानलहरु बिग्रियो ? लाखौं लगानी परेको सोलार बत्तीहरु नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरु बनाउन चाँहादैनन् ? मर्मत सम्भार गर्न नसक्नुमा कसको दोष, के कारण छ ? नगरपालिकाले जबाफ दिन सक्नुपर्दछ । करोडौ लगानी गरेर खरिद गरेको सोलार प्यानल अहिले बेबारिसे अबस्थामा सडक, घरको छानामा रहेको अबस्था छ। मेयरहरु आँखैले देखेर पनि सडक सोलार बत्तीको सोलार प्यानल किन उठाउन नगर प्रहरी, कर्मचारीहरुलाई आदेश दिदैनन् ? सोलार प्यानल सँग नगरपालिकाका जनप्रतिनिधिहरुको के झगडा परेको छ ? किन सडकका सोलार बत्तीहरु बल्दैनन् ? सडकको सोलार बत्ती बनाउन कसले के गर्नुपर्दछ ? के अब यि पुराना सडक सोलार बत्तीहरु अब फेरी बत्ती बल्दैन र ? सडक सोलार बत्ती तुरुन्त मर्मत सम्भार गरेर बल्नुपर्दछ ।

१, आलु	रु ४०	१६, धनियाँ	रु ८०
२, अदुवा	रु १६०	१७, लोकल बोडी	रु ८०
३, टमाटर	रु ६०	१८, खर्बुजा	रु ४०
४, बन्दा	रु ६०	१९, रायो साग	रु १००
५, भेन्टा	रु ८०	२०, लट्टे साग	रु ६०
६, खुर्सानी	रु २००	२१, प्याज	रु ७०
७, मुला	रु ६०	२२, निगुरो	रु २५
८, पर्वल	रु १००	२३ दुध	रु. ७०
९, तितेकरेला	रु ६०	२४, दही	रु ९०
१०, भिन्डी	रु ८०	२५, मोही	रु ५०
११, च्याउ	रु २४०	२६, घ्यु	रु ७००
१२, काउली	रु १६०	२७, राँगाको मासु	रु ४००
१३, पर्सी	रु ५०	२८, बंगुरको मासु	रु ४००
१४, कटहर	रु ४०	२९, खसीको मासु	रु १,०००
१५, काँका	रु ७०		

स्रोत: तरकारी बजार व्यवस्थापन समिति

सोलु करिडोर बिबाद २ दिन लामो सर्वदलीय बैठकपछि १० बुँदे सहमति

प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, अयाोजना प्रमुख, पीडित संघर्ष समिति र नगरपालिकाको सहभागितामा सम्पन्न २ दिने बैठकले १० बुँदे सहमति गरेपछि बन्द फिर्ता गरिएको संघर्ष समितिका संयोजक केपी बराललले बताए। प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाई, एसपी सुभासचन्द्र बोहरा, आयोजना प्रमुख जनार्दन गौतम, नगरप्रमुख ज्ञानेन्द्र श्रेष्ठ, नेपाली कांग्रेस, नेकपा (माओबादी केन्द्र), एमाले, जनता समाजबादी, राप्रपा र बिप्लव नेतृत्वको नेकपासहित सात राजनीतिक दल तथा संघर्ष समिति सम्मिलित सर्वपक्षीय छलफलले सहमति गरेको हो ।

❖ **मुलुकी संवाददाता**

कटारीं, साउन १८

दुईदिनयता बन्द कटारी बजार सोमबार साँझदेखि खुलेको छ । सोलु करिडोरको टावर निर्माणको क्रममा स्थानीयको जग्गाको मुआब्जा नदिइ प्रहरी घेराभित्र जवरजस्ती धान खेत मासेर स्काभेटर चलाएपछि बन्द बजार १० बुँदे सहमतिपछि खुलेको हो ।

प्रशासनले ३ सय सुरक्षाकर्मी परिचालन गर्दै हरियाली धान खेतमा स्काभेटर लगाएर टावर बनाउने खाल्डो खन्न थालेपछि आक्रोसित स्थानीयले प्रतिकार गर्दा शुक्रबार दुईपक्षीय भफडसमेत भएको थियो । शनिबार पनि त्यसैगरी काम गर्न थालेपछि स्थानीयले अवरोध गर्दै बजार बन्द गराएका थिए । आईतबार भने बिरोधस्वरुप यातायात बन्द गराएका संघर्ष समितिसँग सर्वपक्षीय छलफल गर्दा १० बुँदे सहमति भएको हो।

निर्माणाधीन सोलु करिडोरको १३२ केभि विद्युत प्रशारण लाईनअन्तर्गत कटारी नगरपालिका ४ मरुवामा टावर निर्माण क्रममा भएको प्रशासनिक ज्यादतिविरुद्धको बन्द सहमतिसँगै फिर्ता लिएको संघर्ष समितिका संयोजक केपी बरालले बताए । उनका अनुसार सुरक्षाकर्मी परिचालन गरी काम थालेपछि स्थानीय र प्रहरीबीच दोहोरो झडप हुँदा झण्डै एकदर्जन स्थानीय घाईते भएका छन् ।

स्थानीयको माग संबोधन नगरी काम गरेको तथा धरपकड गरेर घाईते बनाएको भन्दै सात राजनीतिक दलीय मोर्चाले गठन गरेको संघर्ष समितिले १७ देखि २१ गतेसम्मका साताव्यापी बिरोध कार्यक्रम घोषणा गरेको थियो ।१७ गते कटारी बन्द, १८ गते कटारीमा यातायात बन्द, १९ गते सरकारी कार्यालयमा अनिश्चितकालीन तालाबन्दी, २० गते सुरक्षाकर्मी राखिएको मरुवा माविमा तालाबन्दी र २१ गते उदयपुर बन्दको घोषणा गरेपछि प्रशासन वार्तामा बस्न राजी भएको थियो ।

दुईदिन चलेको सर्बपक्षीय बैठकले घाईतेहरुको उपचार आयोजना कार्यालयले गर्ने, नगरपालिकाको सिफारिस अनुसार जमिनको मुआब्जा प्रति कठ्ठा ५० लाखका दरले दिने, ०७५ मा निर्धारण गरिएको प्रति कठ्ठा १९ लाख ७५ हजारलाई संशोधन गरेर समयानुकुल बनाउ पुनरमूल्यांकन गर्ने, मरुवामा राखिएका सुरक्षाकर्मी हटाउने, खेतबारीमा नष्ट भएको बालीनालीको क्षतिपूर्ति दिने सहमति भएपछि बन्द फिर्ता लिइएको हो ।

प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, अयाोजना प्रमुख, पीडित संघर्ष समिति र नगरपालिकाको सहभागितामा सम्पन्न २ दिने बैठकले १० बुँदे सहमति गरेपछि बन्द फिर्ता गरिएको संघर्ष समितिका संयोजक केपी बरालले बताए । प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाई, एसपी सुभासचन्द्र बोहरा, आयोजना प्रमुख जनार्दन गौतम, नगरप्रमुख ज्ञानेन्द्र श्रेष्ठ, नेपाली कांग्रेस, नेकपा (माओबादी केन्द्र), एमाले, जनता समाजबादी, राप्रपा र बिप्लव नेतृत्वको नेकपासहित सात राजनीतिक दल तथा संघर्ष समिति सम्मिलित सर्वपक्षीय छलफलले सहमति गरेको हो ।

माओबादी कटारी नगर अध्यक्ष मणिराज दाहालका अनुसार २० गतेभित्र मरुवा माविमा राखिएका सुरक्षाकर्मी हटाईसक्ने, ०७५ सालमा जमिनको मुआब्जा प्रति कठ्ठा १९ लाख ७५ हजार तथा १२ लाखका दरले दिने निर्णय संशोधन गर्न गृह मन्त्रालय पठाउने सहमति भएको छ। त्यस्तै, ०७८ मा भएको निर्णय अनुसार ऐलानी जमिनको प्रति कठ्ठा २० लाखका दरले मुआब्जा दिने निर्णयमा स्थानीयको असहमति रहेकाले नगरपालिकाले गरेको सिफारिस अनुसार प्रति कठ्ठा ५० लाखका दरले दिने गरी संशोधन गर्न मन्त्रालय पठाउने सहमति भएको दाहालले बताए ।

छलफलमा दुईदिनअघिको प्रहरी स्थानीय झडपमा परी घाईते भएका स्थानीयको उपचार खर्च आयोजना कार्यालयले बेहोर्ने, टावर गाड्दा ओगटेको जमिनको ८० प्रतिशत बढी मुआब्जा दिने, करिडोरका टावर बनाइएको उदयपुरका अन्य ठाउँका जमिनको मुआब्जा दिन छुटेको भए लगत संकलन गरी उचित मुआब्जा दिने सहमति पनि भएको छ।

सर्वपक्षीय बैठकले सुरक्षाकर्मीको घेराभित्र रहेर खाल्डो खन्दा भएको बालीनालीको उचित क्षतिपूर्ति आयोजना कार्यालयले दिने तथा मुआब्जा रकम भुक्तानी नभएस्म्म काम अघि नबढाउने सहमतिमा हस्ताक्षर भएको छ । सहमति भएपछि संघर्ष समितिले घोषणा गरेका सम्पूर्ण बिरोधका कार्यक्रम सोमबार साँझबाटै फिर्ता लिइएको संयोजक बरारले बताए । सर्वपक्षीय सहमति भएसँगै बजार र यातायात सुचारु भएको छ भने मरुवाबासीले न्याय पाएको महसुस गरेका छन् ।

गत असार २५ गते टावर निर्माण कार्य थाल्दा पनि स्थानीयले यसैगरी बिरोध गरेका थिए । त्यसबेला स्थानीयले नगरपालिकामा तालसमेत लगाएपछि संघीय सांसद सुरेशकुमार राईले स्थानीयको माग पुरा न गरेसम्म काम अघि नबढाउन आग्रह गरेका थिए । उनको आग्रह अनुसार रोकिएको काम गत शुक्रबार सुरक्षाकर्मी ठूलो फौज तैनाथ थरेर सुचारु गरेपछि बिबाद र झडप हुन पुगेको थियो । झडपमा परी अपांगता श्याम कोईराला, बृद्ध देवीबहादुर थापा र अशक्त पदमकुमारी थापा, डाकबहादुर थापा, दिपक राउत, सृरेन्द्र थापा, गणेश थापा, बलबहादुर मगर, नानीमैया थापा, राधिका राउत, गोमा थापा र लक्ष्मी मगर घाईते भएको समितिले जनाएको छ।

करिडोरको काममा स्थानीय बाधक देखिएपछि प्रशासनले १ सय जनपथ र २ सय सशस्त्र प्रहरी परिचालन गर्दै काम सुचारु गरेको थियो । इलाका प्रहरी कार्यालय कटारीका डिएसपी मानबहादुर राईको कमाण्डमा जिल्ला प्रहरीका ५० र इप्रकाका ५० जनपथसँगै २ सय सशस्त्र प्रहरी घट्नास्थल मरुवास्थित माविमा राखेर परिचालन गरिएको थियो । एसपी बोहराले आईतबार विहानदेखि सोमबार दिउँसोसम्म सर्वपक्षीय छलफल गरेपछि सहमति भएको बताए । सहमतिसँगै अव त्यहाँ राखिएका सुरक्षाकर्मी हटाइने र सहमति थप प्रक्रिया अघि बढाउने उनले सुनाए ।

माथिल्लो सगरमाथाको सोलुखुम्बुका बिभिन्न खोलाहरुबाट उत्पादित विद्युत करिडोर निर्माण गरी ओखलढुंगा, उदयपुर हुँदै सिराहाको मिर्चयास्थित राष्ट्रिय प्रशारण लाईनमा जोड्ने गरी निर्माण भईरहेको हो । यसको १३२ किलोभोल्ट (केभि) प्रशारण लाईन अन्तर्गत सोलुखुम्बुको तिङ्लादेखि ओखलढुंगा, उदयपुर हुँदै सिराहाको मिर्चयासम्म ९० किलोमिटर छिचोलेर ल्याउनुपर्दा ३ सय २ वटा टावर बनाउनुपर्ने छ ।

३ वर्षअघि सुरु आयोजनाको टावर मरुवामा ४ वटा बनाउनुपर्नेमा एउटा बनाईसकिएको छ भने ३ वटा बनाउने विषयमा जमिन बिबाद भएको हो । ओखलढुंगामा पनि यस्तै बिबाद उब्जेको र समयमा समाधान नहुँदा अहिलेसम्म २ सय ९२ वटा मात्र टावर बनेको आयोजना प्रमुख गौतमले बताएका छन् । घुर्मीदेखि कटारीसम्मको उदयपुर क्षेत्रमा १० वटा टावर बनाउनुपर्नेमा अन्य ठाउँ बनाईसकिए पनि मरुवामा भने बिबाद चर्कदा काम हुन नसकेको गौतमको भनाई छ ।

कार्यालय प्रमुख गौतमले २९ मिलियन डलरमा निर्माण सम्पन्न गर्ने ठेक्का पाएको भारतीय कम्पनीले करिडोरको काम समयमा गर्न नसक्दा दुईपटक म्याद थप्नु परेको बताएका छन् । गतवर्षदेखि कोविडले अवरोध गर्दा पनि काममा ढिलाइ भएकाले पछिल्लो म्याद सेप्टेम्बर ३० अर्थात झण्डै दुई महिना मात्र बाँकी छ । ठेक्का अवधिभित्रै काम सक्ने योजना भए पनि बाधा बिरोधका कराण सुचारु हुन नसकेको प्रमुख गौतमले बताए ।

सडकपेटी........

र घरको पेटीमा फुतपात राख्न दिएबापत दैनिक ब्यापारीहरुसँग एक सय दुई सय गरेर मासिक रुपमा ३ हजारदेखि ६ हजारसम्म रकम असुली गर्ने गरेका छन् । भने अर्का घरपेटी किरण राई भने गरिब दुखीले गरी खाउन भनेर निशुल्क सडकपेटी र घरको पेटीमा सामान राखेर गरी खान दिएको बताउँछन् । यिनै दुई घरपेटीको कारण दैनिक जिके पुस्तक पसल चोकमा झमेला हुन्छ। झमेलाको कारण यि दुई घरपेटी सिताराम कार्की र किरण राई हुन्। नगर प्रहरी आउँदा यो मेरो निजी सम्पति घरको पेटी हो यहाँ सामान राख्न दिन म पाउँछु भन्दा रहेछन् । नगर प्रहरीले सडकपेटी मिचेको कारण सामान उठाउन खोज्दा बल प्रयो ग गर्ने गरेका छन् ।

यि झमेलाको मुख्य पात्र हुन सिताराम कार्की र किरण राई । करोडको घर बनाएर घर अगाडी सडकपेटी र घरको पेटीमा फुतपात राख्न दिएर झमेलाको सुरुवात गर्ने यि दुई घर हुन् । गरिबको सेवा गर्न मन लागे घरको सटर निशुल्क दिए हुन्छ तर घरको पेटीमा सामान राख्न दिएर सडकपेटी मिच्न उक्साउने र आधार तयार गर्ने मुख्य दोषि यि दुई सिताराम कार्की र किरण राई हुन्। गाईघाट बजारको मुख्यचोक , त्यसमा मदनभण्डारी लोकमार्ग, सवारी साधनको तिब्र गतिको कारण सडकपेटी, घरको पेटीमा सामान राख्न दिएर यि दुई घरपेटीले सडकपेटी मिच्नमा साथ दिएका छन् ।

सिताराम कार्की भने आफ्नो करोडको घरको पेटीमा सामान नराख्न खुशी छन्। उनी भन्छन् म नगरपालिकाको अभियानको सहयोगी हुँ । म मेरो घरको पेटीमा सामान राख्न दिएर उठाउँदै आएको पैसा लिन छाड्छु र भोली देखि कसैलाई पनि सामान राख्न दिन्न। त्यस्तै अर्का घरपेटी किरण राई पनि आफु नगरपालिकाको सफाई अभियानको सारथी रहेको बताएका छन्। आफ्नो बाबुको पालादेखि आफ्नो घरको पेटीमा गरिब दुखीले कमाएर खाएका कारण आफु निस्केर जा भन्न नसक्ने र नगर प्रहरीले उठाएर लान सक्ने बताए त्यसमा आफु सहयोगी रहेको बताए । दैनिक झमेला हुने, झगडा हुने जिके पुस्तक चोक लाई अहिले झमेलीचोकले नामाकरण गरिदै आएको छ । दैनिक यो चोकमा नगर प्रहरी र ब्यापारीबिच झगडा हुन्छ । साथमा ब्यापारी ब्यापारी बिच झगडा हुन्छ। कारण हो सिताराम कार्कीको घरको पेटीमा सामान राख्नेले सडकपेटी मिच्छ र भिडभाड भई झगडा हुन्छ ।

अहिले नगरबासीले सिताराम कार्की र किरण राई दुई घरवालाहरुको नैतिक सवालको उत्तर खोजिरहेको छ। दैनिक झमेला गर्नकिन यि दुई घरहरु उक्साईरहेका छन् त ? हरेक बेलुकी यि दुई घरपेटी र यो सडकपेटी, घरको पेटीमा सामान राख्ने बिच छलफल हुने गर्छ। र नगर प्रहरी आएमा कसरी सामान घरको प्यासेजमा लुकाउने र नगरप्रहरी जाने बितिकै पुन सडकपेटी कब्जा गर्नेभनेर सल्लाहा हुने गर्दछ । सोमबार पनि नगरपालिका र सिताराम कार्की बिच घम्साघम्सी नै भयो। गाईघाट बजारमा कहि कतै यस्तो घटना देख्न पाईन्न। ब्यापारीहरुले सिताराम कार्की र किरण राईको पृष्ठभूमीमा दैनि नगरप्रहरी र नगरपालिकालाई चुनौती दिने गरेका छन् ।


गाईघाट बजारको सडकपेटीमा राखिएको सामान त्रियुगा नगरपालिकाले उठाएर नगरपालिकामा राखेको अबस्थामा कुहिएर नष्ट भएको छ। तस्विर - बुद्धि कुमार राई

सोमबार........

इलाम जिल्ला मङ्गलबारेमा जन्मिएका मन्त्री मगर नेकपा एमालेबाट निबार्चित नेता हुन् । सोमबार बिहान ७ बजे उदयपुर आएका मन्त्री मगर पहिले स्थानीय अर्जुन तिम्लिसनाले आयोजना गरेको त्रिनपा १३ मा रहेको सिद्धेश्वर महादेब मन्दिरको दर्शन गरे । त्यसपछि मन्त्री मगरपशुसेवा केन्द्र त्रिनपा १० बोक्सेमा नबनिर्मित भेटेनरी भबनको अबलोकन गरे । बोक्सेपछि मन्त्री त्रिनपा १३ बेहडवामा चक्लाबन्दी गरेर रोपिएको धान खेतीका कृषकहरुसँग उनीहरुको समस्याबारेमा सहभागी सबैजना सँग भलाकुसारी गरे ।

त्यसपछि मन्त्री मगर बेलका नगरपालिका १ तपेश्वरी आम्बासमि रहेको नब निर्माण हुन लागेको चिस्यान केन्द्रको जग्गाको अबलोकन गरेर साँझपख उनी बिराटनगर लागे ।

स्वर्गिक मार्गमा रामसिङ

❖ मुलुकी संवाद्दाता

त्रियुगा, साउन १८

स्वर्गिक मार्ग उदयपुरको छैठो साधरणसभाले राम सिङ बायुङ राईलाई अध्यक्ष चुनेको छ । त्यस्तै उपाध्यक्ष बासुकी राई, उपाध्यक्ष सुरेश तामाङ, सचिबमा लिला कुमारी राई, सहसचिब बिष्णु राई, कोषाध्यक्ष लक्ष्मी राई चुनेको छ । समितिको सदस्यहरुमा भिम बहादुर राई, बिश्वराज राई, देब कुमार राई, नबराज राई र प्रकाश राईलाई चुनेको छ । कार्यक्रमका प्रमुख अतिथी स्वर्गिक मार्गका केन्द्रिय उपाध्यक्ष तथा धर्म संस्कार संस्कृति बिभाग प्रमुख भरत चामलिङ राईले नबगठित समितिलाई सपथ गराएका थिए ।

गाईघाटे
सेकुवा कर्नर...
सम्पर्क –
९८६२९३६९१०
९८१९७४५०६७
स्थान – गाई घाट
टेम्पुचोक

गाईघाट–काठमाडौं सुमो सेवा
प्रो. गणेश भट्टराई
९८४२८२३५७४
९८१४७२४६२९
अभिषेक
९८१४७३६४२०
गाईघाट सम्पर्क
९८४२९१४४०२
९८०४५५६७००
दैनिक सेवा
बाट पनि टिकट काटिनेछ ।
काठमाडौं बाट धुर्कोट सिन्धुली बर्दिबास लाहान गाईघाट मुर्कुची जोगीदह हडिया बेल्टार सिवाई रामपुर फत्तेपुर
नेपाल भरी गाडी रिजर्भमा चाहिएमा सम्पर्क गर्नुहोला ।

रोदुङ सेकुवा कर्नर एण्ड लज
त्रियुगा-११ गाईघाट उदयपुर
यहाँ
खाना, नास्ता
सेकुवा र कोल्ड
ड्रिंक्स पाउनुका
साथै बासको पनि
राम्रो प्रबन्ध छ ।
सोझैं सम्पर्क :- ९८०७७६४३४३

सर्वपक्षीय छलफलले गरेका १० बुदे सहमति

❖ मुलुकी संवाद्दाता

> *प्रसारण लाइनमा परेका कटारी क्षेत्र भरिका ऐलानी तथा नम्बरी जग्गाहरुको लागत विवरणमा जग्गा धनी तथा क्षेत्रफलको यथार्थमा फरक परि संशोधन गर्नु पर्ने भएमा पालिका तथा आयोजना कार्यलयको सिफारिसमा जिल्ला मु- आब्जा क्षेतिपुर्ती निर्धारणका लागि छुट भएका सबै प्रकारका जग्गाको लागत लिन पहिचान गरि लागत विवरण १ महिना भित्र तयार गर्न आयोजना कार्यलय लाई अनुरोध गर्नें।*

सोलु कोरिडोर १३२ किलोभोल्ट (केभि) बिद्युत प्रसारण लाईनअन्तर्गत उदयपुरको कटारी नगरपालिका ४ मरुवाक्षेत्रभित्र जग्गा भएका पीडित जनताहरुको पक्षमा आज भएको प्रमुख जिल्ला अधिकारी तुलसीराम सेढाई, कटारी नगरप्रमुख ज्ञानेन्द्र श्रेष्ठ, आयोजना प्रमुख जनार्दन गौतम, पहल समितिका संयोजक केपी बराल, जिल्लास्थित सुरक्षा प्रमुखहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, उद्योग बाणिज्य संघ कटारी, पीडित पक्षहरुको उपस्तिथिमा भएको वार्ताद्वारा तपसिल बमोजिम निर्णय भएको छ ।

१. जिल्ला प्रशासन कार्यालय उदयपुरमार्फत मिति २०७८/३/३० मा गृह मन्त्रालयमा सिफारिससहति पत्राचार भएको मुआब्जा सम्वन्धमा गृह मन्त्रालयबाट पुनः मुल्यांकन गराउनका लागि उपस्थित सबै सरोकारवाला पक्षले पहल तथा समन्वय गर्ने । यस संम्वन्धमा कटारी नगरपालिकाले प्रतिधुर रु २,५०,००० (दुईलाख पचास हजार मात्र) मूल्य सिफारिस गरिएकोमा त्यसैलाई आधार लिने ।

२.प्रसारण लाईन ९च्व्नजत या धबथ० भित्र पर्ने तारमुनिको ऐलानी तथा नम्बरी जग्गाको २०% मुल्यांकनको आधारलाई बढाएर ८०% पुर्याउन संबंधित मन्त्रालयमा पुनः अनुरोध गर्ने

३. प्रसारण लाईन निर्माणको क्रममा बाटोमा पर्ने खेतीयोग्य जमिनमा भएको क्षेतीको विवरण संकलन गरी नगरपालिकाको सिफारिसमा तुरुन्त पीडितहरुलाइ आयोजनाले क्षेतिपुर्ति बापतको रकम उपलब्ध गराउने ।

४. प्रसारण लाइन निर्माणको क्रममा सामुदायिक वन क्षेत्रमा भएको बोटबिरुवाको क्षेतिको रकम तुरुन्तै डिभिजन वन कार्यलय लाई आयोजना कार्यलयले उपलब्ध गराउने साथै सामुदायिक वन क्षेत्रको जग्गामा टावर निर्माण भए बापत क्षेती भएको बराबरको निजि जग्गा खरिद गर्न आयोजनाले डिभिजन वन कार्यलयलाई रकम यथा सिघ्र उपलब्ध गराउने र सामाजिक उतरदायित्व को रकम कानुन बमोजिम उपलब्ध गराउने ।

५.प्रसारण लाइनमा परेका कटारी क्षेत्र भरिका ऐलानी तथा नम्बरी जग्गाहरुको लागत विवरणमा जग्गा धनी तथा क्षेत्रफलको यथार्थमा फरक परि संशोधन गर्नु पर्ने भएमा पालिका तथा आयोजना कार्यलयको सिफारिसमा जिल्ला मु- आब्जा क्षेतिपुर्ती निर्धारणका लागि छुट भएका सबै प्रकारका जग्गाको लागत लिन पहिचान गरि लागत विवरण १ महिना भित्र तयार गर्न आयोजना कार्यलय लाई अनुरोध गर्नें।

६. प्रसारण लाइन निर्माणको क्रममा क्षेती भएको आफ्नो जग्गाको उचित मु- आब्जा तथा क्षेतिपुर्तीको निम्ति भएको न्यायपुर्ण आन्दोलनमा घाइते हुनुभएका ब्याती हरुको उपचार खर्च आयोजनाले बेहोर्ने ।

७. मरुवा माबी बाट सुरक्षाकर्मी २०७८/४/२० गते भित्र अन्यत्र सार्ने निर्णय भयो ।

८. यस नपाको वाडा नम्बर ५ मा सब स्टेसन स्थापना गर्न आयोजना मार्फत उर्जा मन्त्रालयमा अनुरोध गर्ने ।

रुरु कटारी नगरपालिका एवं उदयपुर जिल्ला भरी लोडसेडिङ मुत्त क्षेत्र घोषणा गर्न आयोजना मार्फत उर्जा मन्त्रालयमा अनुरोध गर्ने निर्णय भयो ।१०. माथी उल्लेखित माग पूरा बएपछी घोषित सम्पुर्ण आन्दोलनका कार्यक्रम फिर्ता लिएको पहल समितिका संयोजक केपि बरालले बताए ।

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः–**बिनोदकुमार पाण्डे** सम्पर्कः– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

गाडी रिजर्भ चाहिएमा

डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३०५८२

प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

त्रियुगा नगरपालिका गाईघाट उदयपुर

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना



सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ सालको श्रावण १ गते देखि भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयं वा संरक्षक उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं।
तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट